# शंखरापुर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## साँखु, काठमाडौं

## बागमती प्रदेश, नेपाल



# आ.व २०८३/८४

# को

# बजेट वक्तव्य

**यस गरिमामय नगरसभाका सभाध्यक्षज्यू,**

**सभाका सचिवज्यू,**

**नगरसभाका सदस्यज्यूहरु,**

**राष्ट्रसेवक कर्मचारी,**

**सम्पूर्ण नगरवासी महानुभावहरु**

शंखरापुर नगरपालिकाको नगरसभाको बाह्रौं अधिवेशनको यस गरिमामय सभालाई सम्बोधन गर्न पाउँदा म अत्यन्तै खुसी भएको छु । यस गरिमामय अवसरमा म ज्ञात अज्ञात सहीदहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु ।

नेपालको संविधानमा उल्लेखित राज्यको निर्देशक सिद्धान्त, सङ्घीय र प्रदेश सरकारको नीति तथा कार्यक्रम, नगरको आवधिक योजना, मध्यमकालिन खर्च संरचना, दिगो विकास लक्ष्य, विभिन्न ऐन, कानून, नियम र कार्यविधिहरुबाट निर्देशित हुँदै यस नगरसभाबाट स्वीकृत नीति तथा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गरी बजेट तर्जुमा तथा कार्यक्रम प्रस्ताव गरेको छु ।

**१ .बजेटको पृष्ठभूमि**

क. सीमित स्रोत साधन भए पनि नगरवासीका विकास र समृद्धिका आकांक्षा पूरा गर्ने प्रयास— गरिएको।

ख. संविधान, आवधिक योजना, दिगो विकास लक्ष्य, संघीय तथा प्रदेश सरकारका नीति तथा कार्यक्रमका आधारमा बजेट तर्जुमा गरिएको।

ग. वडा समिति, विषयगत समिति, कार्यपालिका तथा सरोकारवालासँग समन्वय गरी बजेट तयार गरिएको।

**२. प्रमुख चुनौतीहरु**

क. शिथिल अर्थतन्त्रलाई चलायमान बनाउने।

ख. ग्रामीण र शहरी अर्थतन्त्रबीच सन्तुलन कायम गर्ने।

ग. कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने।

घ. लैङ्गिक हिंसा, कुसंस्कार तथा रुढीवादको अन्त्य गर्ने।

ङ. सुरक्षित बस्ती विकास र व्यवस्थित शहरीकरण गर्ने।

च. सडक तथा पूर्वाधारको दिगो विकास गर्ने।

छ. सीमित स्रोतबाट असीमित आवश्यकता सम्बोधन गर्ने।

शंखरापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय साँखु, काठमाडौं बागमती प्रदेश, नेपाल २०७३

ज. संविधानले प्रदान गरेका मौलिक हक कार्यान्वयन गर्ने।

**३ . बजेटका उद्देश्यहरू**

क. रोजगारी सिर्जना तथा गरिबी न्यूनीकरण।

ख. पर्यटन प्रवर्द्धन। (पर्यावरणीय तथा सांस्कृतिक) ।

ग. सुशासन, पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्ने।

घ. सूचना प्रविधिमैत्री सेवा प्रवाह विकास गर्ने।

ङ. दिगो तथा व्यवसायिक कृषिको प्रवर्द्धन।

च. गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवामा पहुँच बढाउने।

छ. सामाजिक विभेद र असमानताको अन्त्य गरी समतामूलक समाज निर्माण गर्ने।

**४ . बजेट प्राथमिकताका आधारहरू**

क. अधुरा तथा निर्माणाधीन योजनाहरू सम्पन्न गर्ने।

ख. सम्पन्न भई भुक्तानी हुन बाँकी योजनाहरूको भुक्तानी गर्ने।

ग. शिक्षा तथा स्वास्थ्य क्षेत्रलाई प्राथमिकता दिने।

घ. विपद्, महामारी तथा आकस्मिक अवस्थाबाट संरक्षण गर्ने कार्यक्रम सञ्चालन गर्ने।

ङ. छिटो प्रतिफल दिने तथा रोजगारी सिर्जना गर्ने कार्यक्रमलाई प्राथमिकता दिने।

च. संस्कृति संरक्षण र पर्यटन विकास गर्ने।

छ. प्रविधिमैत्री, जनमैत्री तथा जवाफदेही सेवा प्रवाह सुनिश्चित गर्ने।

ज. सबै वर्ग, क्षेत्र र समुदायको सन्तुलित विकास गर्ने।

**सभाध्यक्ष महोदय,**

**सभाका सचिवज्यू**

**सभाका सदस्यज्यूहरु**

यस नगरपालिकाबाट गत आर्थिक वर्ष २०८१/०८२ मा सम्पादित कार्यको समीक्षा, चालु आ.व २०८२/०८३ को जेष्ठ मसान्तसम्मको यथार्थ खर्च र आगामी आ.व. २०८३/०८४ को बजेट तथा कार्यक्रम यस सभा समक्ष पेश गर्न अनुमति चाहन्छु।

**अब म बजेटको विवरण प्रस्तुत गर्न गइरहेको छु ।**

शंखरापुर नगरपालिकाको गत आर्थिक वर्ष २०८१/८२ मा सञ्चित खाताको यथार्थ आय ८५ करोड ७८ लाख ५६ हजार ८ सय १७ रुपैया १५ पैसा रहेको थियो। जसमा व्यय तर्फको

चालु अन्तर्गत रु ४५ करोड १८ लाख २१ हजार ६ सय ५९ रुपैया २९ पैसा र पूँजीगत तर्फ रु ३१ करोड ८६ लाख ३१ हजार ९ सय ९ रुपैया रहेको थियो । त्यसैगरी, चालु आर्थिक वर्ष २०८२/८३ को अनुमानित आय रु १ अर्ब ३९ करोड २० लाख ९९ हजार रुपैया भएकोमा जेष्ठ मसान्तसम्म जम्मा आय रु ८३ करोड ८० लाख ३९ हजार ८ सय ९५ रुपैयाँ ०९ पैसा रहेको छ। चालु आर्थिक वर्षको जेष्ठ मसान्तसम्मको चालु खर्च रु ३२ करोड ५७ लाख ६९ हजार ५ सय ३ रुपैया १९ पैसा रहेको र पूँजीगत खर्च तर्फ रु २४ करोड ९९ लाख ६६ हजार ४ सय ०६ रुपैया ५० पैसा रहेको छ |

अब म आगामी आर्थिक वर्ष २०८३/ ०८४ को लागि प्रस्ताव गरिएको आय–व्ययको विवरण प्रस्तुत गर्न अनुमति चाहन्छु ।

१. शंखरापुर नगरपालिकाको आर्थिक बर्ष २०८३/ ०८४ को लागि कुल रु १ अर्ब ५१ करोड १० लाख ८४ हजार विनियोजन प्रस्ताव गरेको छु । यसमा सङ्घीय तथा प्रदेश सरकारबाट हुने वित्तीय हस्तान्तरणबाट प्राप्त हुने रकम तथा सामाजिक सुरक्षा बापतको रकम सहितको बजेटलाई समावेश गरिएको छ। यस आर्थिक वर्षको कुल विनियोजित बजेट मध्ये वित्तीय व्यवस्थापन बापत रु २५ लाख अर्थात् ०.१८ प्रतिशत छुट्याई बाँकी रकममा चालु तर्फ रु ६१ करोड ६२ लाख २७ हजार ४८ रुपैया , अर्थात् ४४.७० प्रतिशत र पूँजिगत तर्फ रु ७६ करोड २३ लाख ५६ हजार ९ सय ५२ रुपैया अर्थात् ५५.३० प्रतिशत र विनियोजन प्रस्ताव गरिएको छ ।
२. शंखरापुर नगरपालिकाको आगामी आर्थिक वर्षको कुल आय मध्ये आन्तरिक स्रोतबाट रु ३५ करोड ५० लाख, ९२ हजार ६० रुपैया, राजस्व बाँडफाँडबाट रु ५८ करोड ८६ लाख १४ हजार ९ सय ४० रुपैया तथा सङ्घ तर्फको अन्तर सरकारी वित्तीय हस्तान्तरणबाट रु ३८ करोड १७ लाख, प्रदेश तर्फको अन्तर सरकारी वित्तीय हस्तान्तरणबाट रु ५ करोड ५६ लाख ७७ हजार तथा सामाजिक सुरक्षा तथा संरक्षण बापत १३ करोड अनुमान गरिएको छ ।

**सभाध्यक्ष महोदय,**
**सभाका सचिवज्यू**
**नगर सभा सदस्यज्युहरु,**

अब म शंखरापुर नगरपालिकाको विषयगत रुपमा विनियोजित रकमको विवरण प्रस्तुत गर्न चाहन्छु ।

शंखरापुर नगरपालिकामा रहेका ८ वटा वडाहरुलाई प्रति वडा ५० लाख र १ नं. वडालाई रु ६० लाखका दरले हुने रु ४ करोड ६० लाख वडागत योजनाको लागि रकम विनियोजन गरिएको छ भने वडा कार्यालयको सिफारिसमा प्रत्येक वडाको १ करोडका दरले हुने गरी रु ९ करोड विनियोजन प्रस्ताव गरिएको छ ।साथै, नगरबासीको आवश्यकताका आधारमा छनौट भएका नगरस्तरीय पूर्वाधार तर्फका थप योजनाहरुलाई रु ५ करोड व्यवस्थापन गरिएको छ । अन्य साना तथा मझौला योजनालाई वडा कार्यालयहरुको सिफारिसमा मर्मत सम्भार कोष, भैपरी आउने कोष मार्फत् र प्राकृतिक विपदबाट हुने क्षति न्यूनीकरण र पुनरुत्थानको लागि विपद् व्यवस्थापन कोष मार्फत् कार्यान्वयन गर्ने गरी बजेट विनियोजन प्रस्ताव गरिएको छ ।

अब म देहायबमोजिम विभिन्न क्षेत्रगत रुपमा विनियोजन गरिएको वित्तीय हस्तान्तरण बाहेकको बजेटको संक्षिप्त विवरण प्रस्तुत गर्न चाहन्छु ।

## आर्थिक विकास तर्फः

कुल विनियोजित बजेट मध्ये ५ करोड ६५ लाख २१ हजार ९ सय ४४ अर्थात ४.१० प्रतिशत विनियोजन प्रस्ताव भएको छ । जसबाट निम्न कार्यक्रमहरु सञ्चालन गर्न प्रस्ताव गरिएको छ ।

१. ५० प्रतिशत अनुदानमा कृषकहरुलाई कम्पोजिट बिउ वितरणका लागि बजेट व्यवस्था गरेको छु ।
२. जैविक विषादी, परजिबी नियन्त्रण तथा वाली उपचार शिविरका लागि बजेट विनियोजन प्रस्ताव गरिएको छ ।
३. वर्षे तथा हिँउदे फलफूल विरुवा रोपण गर्ने कृषकलाई ५० प्रतिशत अनुदानमा विरुवा बितरणको लागि बजेट प्रस्ताव गरिएको छ ।
४. कृषकहरुलाई कृषि विमा सचेतनाका लागि बजेट प्रस्ताव गरेको छु ।
५. कृषि उत्पादन बृद्धिका लागि माटो परिक्षण गरी कृषि चुन वितरणका लागि बजेट प्रस्ताव गरिएको छ ।
६. कृषकहरुको पशुपन्छीको प्राथमिक उपचारका लागि औषधी खरिद, सामुदायिक कुकुर बन्ध्याकरण शिविर सञ्चालनको लागि बजेट प्रस्ताव गरिएको छ ।
७. रेविज रोग नियन्त्रणका लागि आवश्यक बजेट विनियोजन प्रस्ताव गरिएको छ ।
८. दूध उत्पादनमा आधारित कृषक प्रोत्साहन कार्यक्रमको लागि रु २० लाख विनियोजन प्रस्ताव गरिएको छ ।

९. यस नगरपालिका भित्रको संस्कृति संरक्षणका लागि जात्रा पर्वहरु, भाषा, कला, साहित्य, पर्यटकीय स्थलहरुको संरक्षण र प्रवर्द्धनका लागि बजेट विनियोजन प्रस्ताव गरिएको छ ।

१०. सहकारीहरुको क्षमता विकासका लागि बजेट प्रस्ताव गरिएको छ ।

११.उद्योग वाणिज्य संघको समन्वयमा उपभोक्ता हित कार्यक्रम गर्नका लागि बजेट प्रस्ताव गरिएको छ ।

<u>सामाजिक विकास तर्फः</u>

सामाजिक विकास तर्फ कुल विनियोजित बजेट मध्ये रु ४२ करोड ३९ लाख १४ हजार ५ सय ८० रुपैया अर्थात ३०.७५ प्रतिशत विनियोजन प्रस्ताव गरिएको छ । जसबाट निम्न कार्यक्रमहरु सञ्चालन गर्न प्रस्ताव गरिएको छ ।

१. असक्त तथा जेष्ठ नागरिकको स्वास्थ्य सेवालाई सहज बनाउन घरदैलो कार्यक्रमका लागि बजेट प्रस्ताव गरिएको छ ।

२. ईन्द्रायणी नगर अस्पताललाई विशेषज्ञ सेवा प्रवाह गर्ने गरी स्तरोन्नति गर्ने गरी बजेट प्रस्ताव गरिएको छ ।

३. महिला स्वास्थ्य स्वयंसेविकाहरुको प्रोत्साहनको लागि आवश्यक रकमको प्रस्ताव गरिएको छ ।

४. स्वास्थ्य चौकीहरु तथा ईन्द्रायणी नगर अस्पतालको वर्थिङ सेन्टरहरुलाई व्यवस्थित गर्न बजेट प्रस्ताव गरिएको छ ।

५. नागरिक आरोग्य केन्द्र तथा अन्य स्वास्थ्य संस्थाहरुबाट निःशुल्क वितरणको लागि आवश्यक औषधिहरुको लागि १ करोड ५ लाख विनियोजन प्रस्ताव गरिएको छ ।

६. विद्यालयमा कार्यरत न्यून वेतनभोगी कर्मचारीहरु तथा बालविकास सहजकर्ताहरुलाई प्रोत्साहन गर्न ७७ लाख ८१ हजार बजेट प्रस्ताव गरिएको छ ।

७. स्वयंसेवक बालकक्षा सहकर्ता व्यवस्थापनको लागि आवश्यक बजेट प्रस्ताव गरिएको छ ।

८. कक्षा ११-१२ निःशुल्क भर्ना अनुदान (शिक्षा, मानविकी र वाणिज्य समूह) को लागि बजेट निरन्तरता दिईएको छ ।

९. खोज र अनुसन्धानको क्षेत्रमा नवप्रवर्तन/विज्ञान प्रदर्शनीका लागि बजेट प्रस्ताव गरिएको छ ।

१०. खेलकुद विकास र प्रवर्द्धन कार्यक्रमको लागि बजेट प्रस्ताव गरिएको छ ।

११. स्थानीय भाषामा पाठ्यक्रमको तयारी तथा प्रकाशनको लागि बजेट प्रस्ताव गरिएको छ ।

१२. नगरपालिकको व्यवस्थापनमा सञ्चालित भाग्योदय क्याम्पस व्यवस्थापनको लागि ३० लाख प्रस्ताव गरिएको छ ।

१३. लैङ्गिक, समानता तथा सामाजिक समावेशीकरणको लागि आवश्यक बजेट प्रस्ताव गरिएको छ ।

१४. विवाद निरुपणलाई छिटो छरितो रुपमा सम्पन्न गर्नका लागि न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको क्षमता विकासका लागि बजेट प्रस्ताव गरिएको छ ।

१५. मेलमिलाप केन्द्रहरुको सुदृढीकरणका लागि बजेट प्रस्ताव गरिएको छ ।

१६. खेलकुदलाई प्रोत्साहन गर्ने उद्देश्यका साथ नगरस्तरिय विभिन्न खेलकुदका लागि ४७ लाख बजेट प्रस्ताव गरिएको छ ।

१७. सामाजिक समावेशीकरण तथा संरक्षणका लागि ३८ लाख ९० हजार प्रस्ताव गरिएको छ ।

**पूर्वाधार विकास तर्फः**

पूर्वाधार विकास तर्फ कुल विनियोजित बजेट मध्ये ५६ करोड ४२ लाख ८२ हजार ७ सय अर्थात ४०.९३ प्रतिशत विनियोजन प्रस्तव गरिएको छ ।

१. चालु आर्थिक वर्षमा ठेक्का सूचना प्रकाशित भएका तथा सम्झौता भई सम्पन्न हुन बाँकी योजनाहरुलाई क्रमागत योजनाको रुपमा रकम विनियोजन प्रस्ताव गरिएको छ ।

२. विगत आर्थिक वर्ष तथा चालु आर्थिक वर्षमा निर्माण शुरु भई सम्पन्न हुन बाँकी अधुरा योजनाहरु सम्पन्न गरी उपयोग तथा सञ्चालनमा ल्याउन आवश्यक बजेट प्रस्ताव गरिएको छ ।

३. साना तथा टुक्रे योजनालाई निरुत्साहित गरी ठूला योजनालाई प्राथमिकतामा राखी सीमित श्रोत साधनको अधिकतम उपयोग गर्ने गरी बजेट व्यवस्थापन गरिएको छ ।

४. एकद्वार प्रणालीबाट सेवा प्रवाहका लागि पूर्वाधार तयारीको लागि बजेट प्रस्ताव गरिएको छ ।

५. नगरपालिकाबाट प्रवाह हुने सेवालाई सूचना प्रविधियुक्त बनाउनको लागि बजेट प्रस्ताव गरिएको छ ।

**वातावरण तथा विपद व्यवस्थापन तर्फः-**

कुल विनियोजित बजेट मध्ये १ करोड ९३ लाख १ सय ७६ अर्थात १.४० प्रतिशत विनियोजन प्रस्ताव गरिएको छ ।

१. वातावरणमैत्री वडा घोषणाको तयारीको लागि बजेट प्रस्ताव गरिएको छ ।

२. नगरपालिका भित्र रहेका सबै ताल पोखरी, आहालको संरक्षण गर्ने गरी बजेट प्रस्ताव गरिएको छ ।
३. फोहोर मैला व्यवस्थापनका लागि रकम प्रस्ताव गरिएको छ ।
४. हरियाली प्रवर्द्धनका लागि वृक्षरोपण कार्यक्रमका लागि बजेट प्रस्ताव गरिएको छ ।

**<u>सुशासन तथा संस्थागत विकास तर्फः</u>**

सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र तर्फ कुल विनियोजित बजेट मध्ये ३ करोड ४४ लाख ६४ हजार ६ सय अर्थात २.५० प्रतिशत विनियोजन प्रस्ताव गरिएको छ ।

१. जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकासको लागि बजेट प्रस्ताव गरिएको छ
२. करको दायरा बढाउनको लागि कर सप्ताह अभियान कार्यक्रम तथ घुम्ती सेवा कार्यक्रमलाई निरन्तरता दिन बजेट प्रस्ताव गरिएको छ ।
३. सरकारी सार्वजनिक जग्गाको संरक्षण तथा लगत व्यवस्थापनको लागि बजेट प्रस्ताव गरिएको छ ।
४. सुशासन प्रवर्द्धन तथा पारदर्शिता कायम गर्नका लागि नगरपालिकाबाट भए गरेका कामहरुको सार्वजनिक सुनुवाई, सामाजिक लेखा परीक्षण, व्यवस्थापन परीक्षण, GESI Audit जस्ता क्रियाकलापहरुलाई बजेट प्रस्ताव गरिएको छ ।

**<u>अन्य क्षेत्र तर्फः</u>**

सामाजिक सुरक्षा तर्फ १३ करोड, कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च तर्फ २८ करोड, अन्य समपुरक (म्याचिङ फण्ड) ५ करोड, विपद् व्यवस्थापन कोषमा ७० लाख, विनियोजन प्रस्ताव गरिएको छ।

**सभाध्यक्ष महोदय,**

आर्थिक वर्ष २०८३/८४ को नीति, बजेट तथा कार्यक्रमको अभिन्न अंगको रुपमा रहेको आय व्ययको विवरण, राजस्व तथा अनुदान प्राप्तिको अनुमान, व्यय अनुमान, वित्तीय अनुमान, कार्यक्षेत्रगत व्ययको अनुमान, वार्षिक विकास कार्यक्रम, सशर्त अनुदानको कार्यक्रमहरु विनियोजन ऐनको विभिन्न अनुसूचीहरुमा राखी पेस गरिएको छ ।

**अन्त्यमा,**

यस नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रम तर्जुमा प्रक्रियामा विभिन्न टोलवासी, वडा समितिहरू, वडावासी, नगर क्षेत्रमा क्रियाशील राजनीतिक दलहरू, विषयगत कार्यालयहरू,

नागरिक समाज, सरोकारवाला निकायहरू, उद्यमी तथा व्यापारीहरू, पत्रकारहरू, शंखरापुर नगरपालिकाका जनप्रतिनिधिहरू, विषयगत शाखाहरू, विषयगत समितिहरू, नगर कार्यपालिकाका कर्मचारीहरू तथा सम्पूर्ण नगरवासीहरूबाट प्राप्त अमूल्य सुझाव, सल्लाह, सहयोग र सहभागिताप्रति हार्दिक आभार व्यक्त गर्दछु। यहाँहरूको सक्रिय सहयोग, रचनात्मक सुझाव तथा सकारात्मक सहभागिताले बजेट तथा कार्यक्रमलाई अझ यथार्थपरक, समावेशी र जनमुखी बनाउन महत्वपूर्ण योगदान पुगेको छ। त्यसका लागि सम्पूर्ण महानुभावहरूमा पुनः हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

**धन्यवाद ।**

**समिता श्रेष्ठ**
**नगर उपप्रमुख**
**शंखरापुर नगरपालिका**